# लहान नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

(आन्तरिक राजस्व ब्यबस्थापन उप-शाखा)
लहान (सिरहा)
प्रदेश २ नं.,नेपाल

## बस पार्क सेवा शुल्क संकलन ठेक्का सम्वन्धी शिलवन्दी दरभाउपत्र आह्वान सूचना।

(सूचना प्रकाशित मिति २०७६/१०/१३ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (२) बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्थानीय पूर्वाधार सेवा र उपयोगमा आ.व. २०७६/०७७ को २०७६/११/०१ देखि २०७६ आषाढ महिना सम्मकालागि तपसिल वमोजिमको सेवा शुल्क संकलन गर्न एक महिना अग्रीम गनीमहसूलमा ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट देहाय वमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

तपसिल :-

| क्र.सं. | ठेक्का विवरण | न्यूनतम ठेक्क अंक रु. | दरभाउपत्र फाराम दस्तुर रकम रु. |
|---|---|---|---|
| ०१. | बस पार्क सेवा शुल्क, लहान- ०१ (सिंगराही) | ७,५०,०००।- | १,०००।- |

शर्तहरु :-

०१. शिलवन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी, फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७५/०७६ कालागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नम्वर (पान) र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन अर्थात् मिती २०७६/१०/२७ गतेसम्म कार्यालय समयभित्र तपसिलमा उल्लेखित दरभाउपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

०२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६ (साहैं) औं दिन अर्थात् २०७६/१०/२८ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय,लहानमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा वाधा पर्नेछैन।

०३. दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

०४. दरभाउपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

०५. शिलवन्दी दरभाउपत्र साथ आफूले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि.,लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००००३००००२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा ७५ दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम दरभाउपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेवार हुनेछैन, साथै त्यस्तो दरभाउपत्रहरु अमान्य हुनेछ ।

०६. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्क अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक्क अंक मानिनेछ ।

०७. शिलवन्दी दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

०८. सेवा शुल्क संकलन गर्दा शुल्कदातालाई दिईने रसिद नगरकार्यपालिकाको कार्यालय,लहानले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फबाट छपाई कार्यालय प्रमुख/शाखा प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईनेछ र दोहरो सेवा शुल्क लिन पाईने छैन । साथै प्रमाणित बिनाको रसिद प्रयोग गरेको पाईएमा नगरपालिकाद्वारा कानूनी कार्यवाही गरिनेछ ।

०९. दरवन्दी भन्दा वढी सेवा शुल्क रकम उठाएमा वा नगरपालिकाको अहित हुने काम कार्यवाही गरेमा न.पा.ले उक्त ठेक्का सम्झौता तोडने सक्ने छ र त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१०. नेपाल सरकार कुटनीतिक नियोगका सवारी साधनहरु बारुणयन्त्र, एम्वुलेन्स, शव वाहनमा पार्किङ्ग शुल्क लिन पाइने छैन ।

११. लहान नगरकार्य पालिकाको कार्यालय, लहान र बस पार्क संचालक बिच द्विपक्षीय सम्झौता-पत्र अनुसार ठेक्का अंकको ७०% ले हुने रकम बस पार्क संचालक र ३०% लहान नगरकार्यपालिकाको कार्यालय, लहान लाई ठेकेदारले वुझाउनु पर्ने छ ।

१३. प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. दरभाउपत्र सम्वन्धी केही थप कुरा वुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सर्म्पक राखी वुझ्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत